मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १५ गते सोमवार (Monday, June 29. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

सूचना

'लैङ्गिक हिंसा र दुर्व्यवहारः
छैन हामीलाई स्वीकार'
"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## 'धान उत्पादनमा वृद्धिः आत्मनिर्भरता र समृद्धि'



**झापा, आसार १४।** यस वर्षको राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव सञ्चालन गर्न सरकारले निश्चित नियम तयार पारेको छ। यसअघि आ–आफ्नै परम्परा अनुसार रोपाइँ महोत्सव हुने गरेका थिए। तर, यसपटक विश्वमा फैलँदै गएको कोभिड–१९का कारण रोपाइँ महोत्सव सञ्चालन गर्न निश्चित नियम बनाइएको हो।

सरकारले आज असार १५बाट नेपालमा औपचारिक रुपमा धान रोपाइँ शुरु गर्दैछ। खेतमा रोपार र लाठेबीच हिलो छ्यापाछ्याप तथा २५ जनाभन्दा बढी रोपार र लाठे भेला हुन नपाइने नियम बनाएको छ। 'धान उत्पादनमा वृद्धि–आत्मनिर्भरता र समृद्धि' नाराका साथ शुरु हुन गइरहेको १७औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा २५ भन्दा बढी मानिस भेला हुनुपर्ने भए साना–साना समूह बनाई रोपाइँ गर्नुपर्ने नियम बनाइएको छ। यद्यपि २५ भन्दा बढी रोपारबाट रोपाइँ गर्नुपर्ने भए एकअर्काबीचको दूरी ६ फिट कायम राख्नुपर्ने भएको छ।

ललितपुरको खुमलटारस्थित कृषि अनुसन्धान परिषद् (नार्क) को खेतमा धानको बीऊ रोपेर औपचारिक रुपले १७औं र रोपाइँ महोत्सवको आयोजना हुँदैछ। यसपछि नेपालभर औपचारिक रुपमा धान रोपाइँ शुरु हुन्छ। कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन र जोगाउन धान रोपाइँ हुने स्थान वरपर गुणस्तरीय मास्क, सानिटाइजर र हात धुनका लागि साबुनपानीको व्यवस्था मिलाउनुपर्ने नियम बनाएको छ।

रोपार तथा बाउसेको शरीरको तापक्रम तथा लक्षणको मापन गर्नुपर्ने तथा परीक्षण गर्दा १०० दशमलव चार प्रतिशत ज्वरो आएमा रोपाइँमा संलग्न हुन रोक लगाउनुपर्ने मापदण्ड तय गरिएको छ। धान नेपालको प्रमुख खाद्यान्न बाली हो। हालको जनसंख्या (झण्डै तीन करोड) जनतालाई पुऱ्याउन ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ। तर, नेपालको उत्पादन भने जम्मा ५५/५६ लाख मेट्रिक टनमा सीमित रहेको छ। धानको वैज्ञानिक नाम ओराइजा सटाइवा हो। धान ग्रैमिनी (घाँस) प्रजाति अन्तर्गतको बाली हो। कृषि विभागका महानिर्देशक काञ्चनराज पाण्डेले नेपालीहरुको भातै मात्र खाने 'भाते' संस्कृतिका कारण चामलको आयातमा वृद्धि भएको बताए। हाल नेपालले प्रतिवर्ष रु. ३० अर्बको चामल आयात गर्दै आएको छ। नेपालीको क्रयशक्तिमा भएको बढोत्तरीका कारण पिठोको सट्टा चामल खाने आदत बढ्दै गएको छ। फलस्वरुप मसिना तथा बास्नादार (बास्मती) चामलको आयातमा वृद्धि हुँदै गएको तथ्याङ्क छ।

हिमालपारिका दुई जिल्ला मनाङ र मुस्ताङबाहेक नेपालको सबै जिल्लामा धान रोपाइँ हुन्छ। हालसम्म उच्च, मध्य पहाड र तराईमा गरी दुई लाख ७५ हजार, २९ हेक्टर जमीनमा रोपाइँ सम्पन्न भइसकेको छ। यस वर्ष पनि गत

(बाँकी अन्तिम पृष्ठमा)

### बिर्तामोडमा माइकिङ गर्न रोक

# विद्यालयले नगरको गीत अनिवार्य बजाउनुपर्ने !

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, असार १४।** हरेक वर्ष कुनै न कुनै विषयमा बिर्तामोड नगरपालिका चर्चामा आउँछ। कहिले नगर प्रमुख ध्रुवकुमार शिवाकोटीका कारण त कहिले नगरपालिकाले ल्याएको नीति कार्यक्रम चर्चामा आउँछ।

गत वर्ष अर्ग्यानिक नगरका रुपमा बिर्तामोडको चर्चा थियो भने आगामी आर्थिक वर्षका लागि ल्याइएको नीति कार्यक्रममा नगरपालिकाले तयार गरेको गीत विद्यालय र कुनै पनि सार्वजनिक कार्यक्रम गर्नुअघि अनिबार्य रुपमा बजाउनुपर्ने भएपछि नगरको चर्चा शुरु भएको हो। नगरपालिकाले हालै 'पूर्वको मुटु भन्छन् नि हाम्रो बिर्तामोड शहर, अब बन्दैछ, अब उठ्दैछ हाम्रो नगर' बोलको गीत सार्वजनिक गरेको छ। यो गीत नगर क्षेत्रभित्र रहेका हरेक विद्यालय र सार्वजनिक कार्यक्रम गर्नुअघि बजाउनुपर्ने नगरको नीति कार्यक्रममा समावेश भएसँगै नगरको चर्चा चुलिएको हो।

नगरपालिकाले आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि ल्याएको नीति कार्यक्रममा बढ्दो ध्वनि प्रदुषण कम गर्नका लागि नगर क्षेत्रमा माइकिङ्ग मार्फत विज्ञापन र सूचना प्रशारणमा समेत रोक लगाएको छ। कुनै पनि सामाजिक, धार्मिक तथा सांस्कृतिक लगायतका कार्यक्रम सञ्चालन गर्दा बाहिर ठूलो ध्वनि जाने गरी कुनै पनि आवाज प्रशारण गर्न नपाइने नीति कार्यक्रम नगरले सार्वजनिक गरेको छ। नगरले सार्वजनिक गरेको नीति कार्यक्रममा त्यस्ता कार्यक्रम गर्दा राति ९ बजेभन्दा पछि सञ्चालन गर्न पाइने छैन भनिएको छ।

नगर क्षेत्रका मुख्य सडकहरुमा आफू खुशी स्वागतद्धार र बोर्डहरु राख्न रोक लगाइएको छ। सोका लागि नगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने र सडक क्षेत्रमा कुनै पनि कार्यक्रम गर्दा नगरपालिकाको स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने भनिएको छ। नगर क्षेत्रमा रहेका बिभिन्न भाषाभाषी, संस्कृति, कला, साहित्य र परम्परागत सिपको संरक्षणका लागि एक कार्यदल बनाई अध्ययन गरिने भएको छ। प्रतिबेदन प्राप्त भएपछि सोका आधारमा उनीहरुको भाषा संरक्षणका लागि शैक्षिक अभियान सञ्चालन गरिने नीति कार्यक्रम नगरले तयार गरेको छ। यस बर्ष बिर्तामोड प्रज्ञा प्रतिष्ठान गठन गरिने र सो प्रतिष्ठान गठन भएपछि बिर्तामोडको इतिहासको खोजी गरी 'बिर्तामोडका पहिला' नामक किताब प्रकाशन गरिने नगरको नीति कार्यक्रममा सार्वजनिक गरिएको छ।

कोरोना भाइरस कोभिड–१९ को महामारीकाबीच सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा कृषिथोक बजार स्थललाई नगरपालिकाको मातहतमा ल्याएर कृषि उपजको भरपर्दो र स्तरीय केन्द्रको रुपमा विकास गर्ने भएको छ। नगरपालिकाको सर्वाङ्गिण विकासको लागि आवधिक विकास योजनाको दस्तावेज तयार गरी कार्यान्वयनमा ल्याइने र नगर क्षेत्रभित्र रहेको सामुदायिक वन, खोला तथा सार्वजनिक स्थलहरुको तथ्याङ्क संकलन गरी नगरको क्षेत्राधिकारभित्र ल्याइने भएको छ। कोइला तथा इँटाभट्टाबाट भएको प्रदुषण न्यूनीकरण गर्न आवश्यक प्रबन्ध मिलाइने नगरको नीति कार्यक्रममा समावेस छ।

'बालमैत्री, पूर्ण सरसफाई एवम् प्रविधिमैत्री सिकाइको सिर्जना, आचरणयुक्त तथा जीवनोपयोगी शिक्षाको परिकल्पना' गरेको नगरपालिकाले शिक्षा क्षेत्रको विकासका लागि विद्यालय व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ। आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुको विद्यालयमा पहुँच तथा निरन्तरतामा जोड दिई आ. व. ०७७/०७८ देखि आधारभूत शिक्षालाई सर्वसुलभ, अनिवार्य तथा पूर्ण निःशुल्क गर्ने गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिने छन्। प्रारम्भिक बालशिक्षा तथा विद्यालय कर्मचारीको पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकसँग मिलान गरी उपलब्ध गराइने र बालविकास केन्द्रमा सामग्रीसहितको सिकाइ तथा बाल शिक्षकहरुको क्षमता विकास गर्दै लगिने नगरको नीति कार्यक्रममा समावेश छ।

विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको क्षमता विकास गरी सिकाइमा नवीनतम् ज्ञान, सिप, क्षमता तथा प्रविधिको प्रयोग गर्न उत्प्रेरित गरिने भएको छ भने शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मासिक रुपमा प्रधानाध्यापक बैठक, विषयगत शिक्षकहरुको बैठक, समसामयिक तालिम, नियमित तथा सघन अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छन्। समाजलाई स्वस्थ र आचरणयुक्त बनाउन गत शैक्षिक सत्रदेखि कक्षा ३ र ४ बाट शुरु गरिएको आचरण तथा सचेतना शिक्षा नामक स्थानीय पाठ्यक्रम यस शैक्षिक सत्रदेखि कक्षा ५ र ६ मा पनि लागू गरिएको छ। आगामी वर्षहरुमा क्रमशः आधारभूत तहका सबै कक्षामा लागू गर्दै लगिने नगरको नीति कार्यक्रममा समावेस छ।

तीन वर्षभित्रमा नगर क्षेत्रमा शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार पूरा गरी अपाङ्गमैत्री र प्रविधियुक्त बनाइने र सम्पूर्ण बालबालिकालाई विद्यालयमा ल्याऔं, टिकाऔं र सिकाऔं भन्ने अभियानलाई निरन्तरता दिइने भएको छ। त्यस्तै बिर्तामोड नगर क्षेत्रलाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न नगरभित्र सञ्चालित सामुदायिक क्याम्पसहरुको गुणस्तर सुधार गर्दै सम्भाव्यताका आधारमा स्नातकोत्तर तहको पठनपाठन र सञ्चालन हुने व्यवस्था मिलाइने नगरको नीति कार्यक्रममा समावेश छ। त्यस्तै आगामी दुई वर्षभित्रमा नगर क्षेत्रभित्रका सम्पूर्ण कृषियोग्य जमिनलाई सिञ्चित गरिने र उत्पादनहरुको प्रशोधन र बजारीकरण गरिने भएको छ। यसरी खाद्यान्न र तेलहन बालीहरुमा नगर आत्मनिर्भर बन्न सक्ने नगरको अपेक्षा छ।

आगामी आर्थिक वर्षका लागि मेयर विषादीमुक्त नगर कार्यक्रमलाई बिर्तामोड नगरपालिकाले प्राथमिकतामा राखेको छ। जस अन्तरगत कृषकहरु प्लाष्टिक घर, प्लाष्टिक मल्चिङ्ग, एग्रो नेट, भर्मी कम्पोष्ट, ग्रीन नेट,

(बाँकी अन्तिम पृष्ठमा)

## कचनकवलका सबै विद्यार्थीलाई निःशुल्क पढाइने



**भद्रपुर, असार १४।** नेपालकै होचो भूभागले परिचित दक्षिणी झापाको कचनकवल गाउँपालिकाले 'व्यवसायिक कृषि र उद्यममा आधारित पर्यटकीय पूर्वाधार शिक्षा, स्वास्थ्य र यातायात सञ्जाल कचनकवलको समृद्धिका आधार' भन्ने नाराका साथ बजेट, नीति तथा कार्यक्रम पेश गरेको छ।

गाउँपालिकाको छैठौं गाउँसभाले आगामी आर्थिक वर्ष २०७७/०७८का लागि ५३ करोड ८९ लाख ६० हजार एक सय रुपैयाँ बराबरको बजेट पेश गरेको हो। गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले चालूतर्फ २८ करोड २३ लाख ४१ हजार ५ सय र पुँजीगततर्फ २५ करोड ६६ लाख १८ हजार ६ सय गरी उक्त बजेट पेश गरेका हुन्।

बजेटमा संघीय सरकारको तर्फबाट वित्तीय समानीकरण अनुदानबाट १२ करोड ७८ लाख, राजस्व बाँडफाँडबाट ८ करोड ७५ लाख, सशर्त अनुदानबाट २२ करोड ८० लाख, विशेष समपूरक कोषबाट १९ करोड ३० लाख र प्रदेश सरकारको तर्फबाट वित्तीय समानीकरण अनुदानबाट ७४ लाख २२ हजार, राजश्व बाँडफाँडबाट ४४ लाख ३६ हजार, सशर्त अनुदानबाट २ करोड ३४ लाख १० हजार, विशेष समपूरक कोषबाट एक करोड २० लाख ९१ हजार रुपैयाँ रहेको छ।

त्यसैगरी गाउँपालिकाको आन्तरिक स्रोतबाट २

(बाँकी अन्तिम पृष्ठमा)

## चट्याङः बढी क्षति, तर कम तयारी



**झापा, असार १४।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार नेपालमा गएको बुधबार एकैदिनमा चट्याङले सात जनाको ज्यान लियो। सप्तरीमा चार, मोरङ, उदयपुर र कपिलवस्तुमा एक/एक गरी एकैदिन यति धेरै मानिसले चट्याङ लागेर ज्यान गुमाए।

प्राप्त तथ्याङ्कमा नेपालमा गएको वैशाखदेखि असारको दोस्रो हप्तासम्म चट्याङबाट मात्र ४० जना नेपाली नागरिकको मृत्यु भइसकेको छ। उक्त अवधिमा १३२ घाइते भएका छन् र घाइतेमध्ये अधिकांश गम्भीर प्रकृतिका घाइते छन्। यसै अवधिमा बाढी र पहिरोबाट १७ जनाले ज्यान गुमाएका थिए। यस समयमा भएको अविरल वर्षाका कारण आएको बाढी पहिरोले १६ जना घाइते भएका छन्।

बाढी पहिरो, आगलागीजस्ता अरु प्राकृतिक विपत्तिको जस्तो चट्याङले मानिसको ज्यान लिएको समाचार खासै बाहिर आउँदैन। तर, पनि मानवीय क्षतिका हिसाबले भने पहिलो नम्बरमै चट्याङ देखिन्छ। त्यस्तै बाढी, पहिरो, आगलागीजस्ता अन्य प्राकृतिक विपत्तिका क्षति रोक्ने जस्ता कार्यहरुजस्तो प्राथमिकतामा पनि चट्याङ पर्दैन। त्यसरी रोक्नसक्ने खासै भरपर्दो विधि पनि नेपालमा त्यति सिफारिस गर्ने र सरकारले लागू गर्ने गरेको पनि पाइँदैन। यसरी मुलुकको प्राथमिकतामा नपर्दा चट्याङबाट पनि धेरै नागरिकले अकालमै ज्यान गुमाउनुपरेको छ।

गतवर्ष पनि रुपन्देही, कपिलवस्तु, झापा र मोरङमा एकैदिन चट्याङका कारण १० जनाले ज्यान गुमाएका थिए। दुई दिनको अन्तरालमा झण्डै ५०० भेडाबाख्रा पनि चट्याङले मारेको थियो। वि.सं. २०७६मा चट्याङका कारण मात्र देशभरमा ८९ जनाको मृत्यु भएको तथ्याङ्क छ। त्यस्तै गतवर्ष चट्याङबाट ३६० जना घाइते भएका थिए। पछिल्ला वर्षहरुमा चट्याङको प्रकोप बढेको छ र यसबाट नागरिकको ज्यान जाने र घाइते हुनेको संख्या पनि बढ्दो देखिएको छ।

पछिल्लो १० वर्षको अभिलेखमा मानवीय क्षतिका हिसाबले बाढी पहिरो भन्दा बढी चट्याङ्ले असर गरिरहेको तथ्याङ्क छ। घाइतेको अवस्था विश्लेषण गर्दा चट्याङबाट तेब्बर बढी मानिस प्रभावित भएका छन्।

प्राकृतिक प्रकोप भए पनि विकसित मुलुकको अभ्यास हेर्दा चट्याङको प्रकोपबाट हुने मानवीय र भौतिक क्षति केही हदसम्म रोक्ने गरिएको पनि देखिन्छ। तर, मुलुकमा त्यसरी चट्याङको अवस्थाको अनुमान र क्षति रोक्ने कार्य प्राथमिकतामा नपर्दा जोखिम बढिरहेको चट्याङ्विद् डा. श्रीराम शर्मा बताउँछन्। विगत १३ वर्षदेखि यस क्षेत्रमा काम गर्दै आएका डा. शर्मा नेपालले चट्याङबाट हुने विपद रोक्न प्रभावकारी उपाय अवलम्बन गर्न नसकेको बताउँछन्।

उनका अनुसार विसं २०६६देखि २०७६ सम्मको अभिलेखमा चट्याङबाट ९२९ जनाको मृत्यु भएको छ। सोही अवधिमा पहिरोका कारण ९०१ जनाले ज्यान

(बाँकी अन्तिम पृष्ठमा)




## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाता नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# कचनकवलमा सुलभ औषधि पसल

**भद्रपुर, असार १४।** विपन्न समुदायलाई लक्षित गरी दक्षिणी झापाको कचनकवल गाउँपालिकामा सुलभ औषधि पसल सञ्चालनमा आएको छ ।

बजार मूल्यभन्दा ३०प्रतिशत कममा खरिद गर्न पाइने औषधि पसल कचनकवल-६स्थित प्राथमिक स्वास्थ्य केन्द्र बनियानीको भवनमा आइतबारदेखि सञ्चालनमा ल्याइएको हो ।

सो औषधि पसलको झापा क्षेत्र ३ बाट निर्वाचित संघीय सांसद राजेन्द्रप्रसाद लिङ्देनले एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै संघीय सांसद लिङ्देनले भने- 'यहाँका बासिन्दाका लागि गाउँपालिकाले सुलभ औषधि पसल सञ्चालनमा ल्याएकोमा हर्षित छौँ ।'

सञ्चालनमा आएको यस औषधि पसलले गाउँवासीले चाहे अनुसारको औषधि उपलब्ध गराउनुपर्ने र बजार मूल्यभन्दा कममा दिए मात्र यसले निरन्तरता पाउने उनको धारणा छ ।




आफ्नै निर्वाचन क्षेत्रका बासिन्दाका लागि प्रत्यक्ष रूपमा लाभ हुने यस्ता प्रकारका कार्यक्रम ल्याउन आफू लागीपरेको उनको भनाइ छ । गाउँवासीको स्वास्थ्यलाई ख्याल गर्दै गाउँपालिकाले तीन महिनाअघि नै सुलभ औषधि पसल सञ्चालन गर्ने योजना बनाएको थियो । तर, गाउँपालिकामै कोरोना सङ्क्रमितको संख्या ह्वात्तै बढेकोले पसल सञ्चालनमा ल्याउन केही ढिलाइ भएको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए ।

चिकित्सकको सल्लाह बमोजिम यहाँका बिरामी र तिनका आफन्तजन औषधि खरिद गर्न भद्रपुरदेखि बिर्तामोडसम्म धाउनुपर्ने बाध्यताको अन्त्यसँगै बजार मूल्यभन्दा ३० प्रतिशत कममा औषधि दिन गाउँपालिकाले यो पसल सञ्चालनमा ल्याएको अध्यक्ष आलमले बताए । यहाँका बासिन्दालाई स्वास्थ्यमा पहुँच बढाउन गाउँपालिका लागीपरेको उनको भनाइ छ ।

सुलभ औषधि पसल सञ्चालक समितिका अध्यक्ष रविचन्द्र ओझाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष आलम, उपाध्यक्ष निमसरी राजवंशी, ३ नम्बर वडाध्यक्ष बिजयकुमार राजवंशी, स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादव, स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत विशुद्ध भट्टराई लगायतले मन्तव्य राखेका थिए । सो औषधि पसलमा एक सय प्रकारको औषधि राखिएको र गाउँवासीलाई आवश्यक पर्ने औषधि थप्दै जाने बताइएको छ ।

# कोरोनाबाट विश्वभर १५८ नेपालीको मृत्यु

**झापा, असार १४।** कोभिड-१९ को सङ्क्रमणबाट हालसम्म विश्वभर एक सय ५८ नेपालीको मृत्यु भएको छ भने विदेशमा २६ हजार दुई सय २७ जनामा भाइरस सङ्क्रमणको पुष्टि भएको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार विदेशमा रहेका १८ हजार ७०० नेपालीली सङ्क्रमणमुक्त भएका छन् भने खाडी मुलुकमा रहेका आठ हजारभन्दा बढी नेपालीमा सङ्क्रमण भेटिएको छ ।

एनआरएनएले सम्बन्धित देशस्थित नेपाली दूतावास र नियोगसँगको समन्वयमा ११ हजारभन्दा बढी नेपालीको उद्धार गरी स्वदेश फर्काएको जनाएको छ । साथै उक्त संस्थाले ८७ वटा शव पनि नेपाल पठाएको बताएको छ ।

हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्यान्ड, जापान, टर्की, नेदरल्यान्ड र स्विडेनलगायत १३ देशमा रहेका नेपालीको कोभिड-१९का कारण मृत्यु भएको तथा डेनमार्क, नेदरल्यान्डस्, अष्ट्रेलिया, माल्टा, जापान, म्यानमार, पोल्याण्ड, रुस, न्युजिल्यान्ड, क्यानाडा, फिनल्यान्ड, आयरल्यान्ड, जर्मनी, स्विडेन, फ्रान्स, बेल्जियम, दक्षिण कोरिया, मलेशियालगायत १९ देशमा रहेका नेपाली सङ्क्रमणबाट मुक्त भएका छन् ।

# चट्याङको आवाजले युवकको मृत्यु

**उदयपुर, असार १४।** उदयपुरको चौदण्डीगढी नगरपालिका-५ खोरिया बस्तीका १८ बर्षीय दिपेश मगरको चट्याङको आवाजले बेहोस भएर मृत्यु भएको छ ।

आफ्नै खेतमा काम गरिरहेको अवस्थामा नजिकै परेको चट्याङको आवाजले बेहोस भएका मगरलाई उपचारको लागि धरानको वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान लगिएकोमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बेल्टारले जनाएको छ ।

## चट्याङ ...

गुमाए । बाढीबाट ७५५ जनाको मृत्यु भएको छ । आगलागीबाट ६१३ को मृत्यु भएको थियो ।

सोही समयावधिमा चट्याङबाट दुई हजार ४५४ जना घाइते हुँदा बाढी र पहिरोका कारण ९००को हाराहारीमा घाइते भएका छन् । विवरणमा मानवीय क्षति हेर्दा बाढी पहिरोभन्दा पनि चट्याङको बढी देखिन्छ । औषतमा वार्षिक १०८ ले चट्याङ्बाट ज्यान गुमाउँछन् । तर, चट्याङबाट बच्ने उपाय अवलम्बन गर्न मानिसमा आवश्यक चेतना पुग्न नसकेको र सरोकारवाला निकायको समेत ध्यान पुग्न सकेको छैन ।

विश्वकै शक्तिशाली मानिएको मुलुक अमेरिकाको अभिलेखमा ८०/९० वर्ष अघि चट्याङले वार्षिक ३८० जनाको ज्यन जान्थ्यो । अहिले ३०भन्दा बढी मृत्यु हुँदैन । त्यो उदाहरण हेरेर पनि हामी भन्न सक्छौँ, गर्न सके क्षति रोक्न सकिने रहेछ- डा. शर्माले प्रश्न गरे, अन्य युरोपियन मुलकुमा पनि फलानो क्षेत्रमा चट्याङको सम्भावना छ भनेर अनुमान गर्ने अवस्था छ, अनुमान ९० प्रतिशत मिल्छ, हाम्रोमा प्रयोग गर्न किन नसक्ने ?

हुनतः अहिले केही प्रयास शुरु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले छुट्टै विपद् व्यवस्थापनको काम सम्हालेको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल सबैभन्दा ठूलो कुरा चेतनामूलक कार्यक्रम भएकाले चट्याङ्बाट सावधानी अपनाउने विषयलाई प्राथमिकताका साथ अघि बढाएको बताउँछन् ।

क्षतिका हिसाबले चट्याङ पहिलो नम्बरमा रहेकाले यसपटकदेखि भवन संहितामा समेत चट्याङ्लाई सम्बोधन गरिएको र बढी चट्याङ पर्ने क्षेत्रलाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको पोखरेलले बताए ।

जल तथा मौसम विज्ञान विभागले अहिले मुलुकका विभिन्न नौ स्थानमा चट्याङ मापक केन्द्र स्थापना गरेको छ । चट्याङ्विद् डा. शर्मा त्यो सुषुप्त अवस्थामा रहेको छ भन्छन् । त्यसलाई सदुपयोग गर्न सकिए पनि धेरै जानकारीहरु बाहिर आउने उनी बताउँछन् ।

विभागले जल तथा बाढीको तीन दिनसम्मको मापन गरेर विवरण दैनिक सार्वजनिक गर्दै आएको छ तर चट्याङलाई प्राथमिकता दिएको पाइँदैन । मौसमविद् गङ्गा नगरकोटी यहाँ यसरी चट्याङ पर्दैछ भनेर अघिल्लो दिन नै अनुमान गर्ने अवस्था नरहेको तर त्यस केन्द्रले एक घण्टापछि कुन क्षेत्रमा पर्दैछ र कहाँकहाँ चट्याङ पर्यो भन्ने मापन गर्ने बताए । उनका अनुसार 'प्रि-मनसुन' पछि अहिलेसम्म मुलुकको प्रदेश नं. १, २ र ५ को तराई क्षेत्रमा चट्याङ परेको छ ।

चट्याङले मानवीय क्षति मात्रै गरेको छैन, भौतिक सम्पत्तिमा समेत क्षति पुर्याएको छ तर पनि त्यसको लेखाजोखा भने छैन । बाढीले देखिनेगरी भौतिक सम्पत्तिमा क्षति गर्छ तर चट्याङ् गुपचुपमा क्षति पुऱ्याएर जान्छ, अनि कसैलाई चासो हुन्न- चट्याङ्विद् डा. शर्माले भने ।

खेतमा काम गर्दागर्दै या सुतिरहेको बेला चट्याङ लागेर मानिसले ज्यान गुमाएका छन् । जङ्गल जाँदा होस् या गोठालो अथवा घर आँगनमै बस्दा होस् चट्याङले मानवीय क्षति पुऱ्याइरहेको छ । चट्याङकै कारण आगलागी हुँदा नजानिँदो रुपमा ठूलो जनधनको क्षति भइरहेको छ । तथ्याङ्कले बाढी र पहिरोको हाराहारीमै आगलागी र चट्याङले क्षति पुऱ्याइरहेको देखाएको छ । तर, क्षति न्यूनीकरणका उपाय भने शून्य नै छ ।

नेपालको भूगोल अनुसार हिमाली र पहाडी क्षेत्रमा पहिरोको जोखिम तथा शहरी क्षेत्र डुबानको जोखिममा छ । तराई क्षेत्र डुबान, कटान र बाढीको जोखिममा पर्छ । विपद्का दृष्टिले बाढी र पहिरो जत्तिकै जोखिम भए पनि आगलागी र चट्याङका विषयमा ध्यान कम पुग्छ । चट्याङ आगलागीको समेत प्रमुख कारण हो । कतै चट्याङ परेको हुन्छ र त्यसको भोल्टेज बढेर तार कमजोर भएको घरमा विद्युत् सर्ट भई आगलागी हुन्छ भन्ने कुराको जानकारी धेरैलाई छैन ।

हालैमात्र नेपालसँग सीमा जोडिएको मुलुक भारतको विहार उत्तरप्रदेशमा एकैरातमा परेको चट्याङका कारण १०० जनाभन्दा बढीको ज्यान गएको छ । विहारमा मात्र ८३ जनाले ज्यान गुमाएको समाचार भारतीय सञ्चारमाध्यमहरुले दिएका थिए । नेपालमा पनि झापा, मकवानपुरमा बढी चट्याङ् पर्ने गर्दछ । नेपालमा चट्याङका कारण गतवर्ष ९२ जनाको मृत्यु भएको र ३०० जना घाइते भएको अभिलेख छ ।

**के हो चट्याङ, कसरी जोगिने ?**

चट्याङ विद्युतीय करेन्ट हो । बादल आपसमा ठोक्किएर त्यसका अणुहरुबीच घर्षण हुँदा विद्युत् उत्पन्न हुने अवस्था नै चट्याङ हो । आकासबाट जमिनमा खस्ने एक प्रकारको विद्युतीय शक्ति चट्याङ हो । वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिको वायु एकापसमा ठोक्किँदा चर्को आवाजसहित बढी भोल्टको विद्युतीय लहर बनी अचानक हुने विद्युतीय विस्फोटन नै चट्याङ हो ।

चट्याङ पर्दा कुनै पदार्थ पृथ्वीमा खस्ने नभई ठूलो विद्युतीय तापशक्ति पृथ्वीमा आउने हुँदा जुनसुकै चिजलाई पनि नष्ट गर्न सक्ने क्षमता हुन्छ । रुख, टावर, अग्ला ठाउँहरुमा चट्याङ बढी पर्छ र यसलाई सजिलो बाटो दिनुपर्छ । सामान्यरुपमा कम्तीमा आठ एमएम रड कुनै भवनको छतको माथि ठड्याई त्यसलाई जमिनसम्म जोडेर राख्ने हो भने पनि घरलाई जोगाउन सकिने डा. शर्मा बताउँछन् ।

प्राकृतिक प्रकोप भएकाले चट्याङ रोक्न सकिँदैन तर त्यसबाट बच्ने उपाए भने खोज्न सकिन्छ । घर बाहिर भएमा वर्षातको बेलामा होचो स्थानमा बस्ने, पानी, खोला, रुख, पोखरीमा नबस्ने, विद्युत् लाइन, कम्प्युटर बन्द गर्ने गर्नुपर्छ । चट्याङ पर्दा खुला ठाउँमा टाउको र खुट्टा जोडेर बस्नु उत्तम हुन्छ । पानीमा काम गर्न र पौडी खेल्न पनि हुँदैन ।

सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्नुपर्छ । पानी परेको वा गर्जिएको बेला घर बाहिर ननिस्किनु उत्तम हुन्छ । ठूला रुख, बिजुलीका तार, पोल तथा ट्रान्समिटरको तल बस्नु हुँदैन । बिजुलीको राम्रोसँग अर्थिङ गर्नुपर्छ ।

## विद्यालयले ...

जैविक विषादि, वनस्पतिक विषादि र नर्सरी ट्रे जस्ता प्रविधिहरुसँग परिचित हुँदै गइरहेका छन् । नगर क्षेत्रलाई क्रमशः विषादीमुक्त बनाउन मेयर विषादीमुक्त नगर कार्यक्रमलाई आगामी वर्ष पनि ५० जना कृषकहरु माझ निरन्तरता दिइने नीति कार्यक्रममा समावेश छ । नगरले कृषि उत्पादनको लागत कम गर्न कृषिमा यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइने र हालसम्म दर्ता गरिएका एक सय ५० वटा कृषक समूहहरुको व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्दै थप नयाँ कृषक समूहहरु गठन गर्ने कार्यलाई निरन्तरता दिने भएको छ ।

नगर क्षेत्रलाई हरियाली बनाउनका लागि फलफूलका बिरुवाहरु वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ । माटो सुधार कार्यक्रम अन्तरगत चालू आ.व. मा पाँचवटा कृषक समूहहरुको माटो परीक्षण गरी एक सय टनभन्दा बढी कृषि चुन कृषकहरुलाई उपलब्ध गराइनेछ । सहारा नेपालसँगको लागत साझेदारीमा कृषि उत्पादन, सिञ्चाई, बजारीकरण तथा कृषकको क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने नगरको नीति कार्यक्रममा समावेश छ । यो वर्ष पनि आलु, राज्मा, सूर्यमुखी, तोरी र फापर गरी जम्मा पाँच बालीहरुको बृहत उत्पादनको लागि चक्लाबन्दी खेतीलाई प्रवर्द्धन गर्ने भएको छ । विषादीरहीत तरकारीको व्यावसायिक उत्पादनका लागि सहारा नेपालसँगको लागत साझेदारीमा व्यवसायिक तरकारी उत्पादन र साना सिञ्चाई कार्यक्रम सञ्चालन गरिने नगरको नीति कार्यक्रममा समावेस छ ।

स्वास्थ्य क्षेत्रतर्फ बिर्तामोड नगरपालिकाले नगरमा रहेको अनारमनी स्वास्थ्य केन्द्रलाई १५ शैय्याको नगर अस्पतालमा स्तरोन्नति गरी नगर अस्पताल सञ्चालन गर्ने भएको छ । जस अन्तरगत करिब छ करोडको लागतमा नगर अस्पताल भवन निर्माण कार्यको सम्झौता भइसकेको नगरको नीति कार्यक्रममा समावेश छ । नगरभित्रका अति विपन्न एक हजार परिवारलाई छनौट गरी स्वास्थ्य बिमा गर्ने कार्य सम्पन्न भएको र आगामी आ.व.मा समेत विपन्नहरुका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिने भएको छ ।

सूचना तथा सञ्चार क्षेत्रको प्रवर्द्धनका लागि नगरपालिकाले बिना भेदभाव समानुपातिक र सन्तुलित रुपमा सञ्चार क्षेत्रको प्रवर्द्धन र विकास गर्न चालू आ.व.बाट प्रारम्भ गरिएका सबै कार्यक्रमहरुलाई निरन्तरता दिने भएको छ । नगरबाट प्रकाशन, प्रशारण हुने पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरुको विकास र प्रवर्द्धनका लागि बार्षिकरुपमा लोककल्याणकारी बिज्ञापन बापत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

नगरको वडा नं. २ को दक्षिणी क्षेत्रलाई उद्योगको हब बनाउँदै लैजाने नीति अनुसार उक्त क्षेत्रको भौतिक पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने नगरले नीति लिएको छ । नगरभित्र फुटपाथ ब्यवस्थापन र पार्किङ्गका लागि पहल गरिने र नगर प्रहरी परिचालन गरिने नीति कार्यक्रममा समावेश छ । पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासका लागि यस नगरमा रहेका ऐतिहासिक पोखरीहरुको संरक्षणको नीतिलाई निरन्तरता दिइने भएको छ । पोखरीको पौराणिकता र ऐतिहासिक महत्व झल्काउँदै पोखरी टु पोखरी अभियान चलाइने भएको छ ।

नगर क्षेत्रभित्र रहेका सामुदायिक वनहरु (सामुदायिक वन चारपाने, सुन्दर निचाझोडा गरामनी, हरियाली सामुदायिक वन, बुट्टाबारी) लगायतका सिमसार क्षेत्र र ऐतिहासिक पोखरीहरु ( विराटपोखर पोखरी, बाहृदशी पोखरी, सर्दु पोखरी, मदु पोखरी, तेलगानी पोखरी, बाहृदशी रोजी पोखरी) को संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिने नगरको नीति कार्यक्रममा उल्लेख छ ।

बिर्तामोड नगरपालिका र बिर्तामोड नगर क्षेत्रभित्रका सहकारीहरु समेतको संयुक्त योगदानमा युवास्वरोजगार कोष स्थापना गरी वैदेशिक रोजगारबाट फर्केका तथा नगरभित्रका वेरोजगार युवाहरुलाई आवश्यक ऋण, अनुदान, प्रविधि तथा क्षमता विकासका कार्यक्रमहरु मार्फत उद्यमी बनाइने भएको छ । नगरपालिका र सहारा नेपालको साझेदारीमा उद्यम विकास कोष गठन गरिनेछ । उक्त कोषमा नगरपालिकाको तर्फबाट रु. एक करोड र सहारा नेपालको तर्फबाट एक करोड गरी जम्मा दुई करोडको पुँजीबाट उक्त कोष सञ्चालनको शुरुवात गरिने नीति कार्यक्रममा समावेश छ । त्यस्तै सहारा नेपालको साझेदारीमा लागूऔषध दुर्व्यसन केन्द्र पुनस्थापना केन्द्र र अन्य संघ-संस्थाहरुको सहयोगमा सेफ हाउस निर्माण गरिने भएको छ । सो सेफ हाउसमा हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई न्याय प्राप्त गर्नबाट वञ्चित अवधिसम्मका लागि राख्ने व्यवस्था मिलाइने भएको छ ।

## कचनकवलका ...

करोड ९० लाख रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दुर्गाप्रसाद पौड्यालले जानकारी दिए ।

गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा विकाससँगै स्वास्थ्य, कृषि, शिक्षा तथा खेलकुद, पर्यटन, रोजगारी, लक्षित तथा वर्ग समुदायलाई आधारित सामाजिक समावेशीकरण, संरक्षण तथा अवसरको सुनिश्चितताका माध्यमबाट समानतासहितको सामाजिक विकास र परिवर्तनको दिगो आधारको लक्ष्यका साथ नीति तथा कार्यक्रम बनाउन लागेको उनले बताए ।

स्वास्थ्यतर्फ विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट प्रदेश नं.१ मा सबैभन्दा बढी सङ्क्रमित भएको छ । सो महामारी रोकथाम गरी आगामी आर्थिक वर्षमा कोभिडमुक्त बनाउने नीति अवलम्बन गरी यथेष्ट बजेट विनियोजनमार्फत कोभिडमुक्त गाउँपालिका बनाइनेछ । साथै किड्नीको समस्या भएका बिरामीहरूका लागि प्राथमिक स्वास्थ्य केन्द्र बनियानीमा नियमित डाइलोसिस सेवाका लागि आवश्यक यन्त्र तथा जनशक्तिको व्यवस्था र ज्येष्ठ नागरिकहरूका लागि सुगर, प्रेसर र मुटु रोगको औषधि निःशुल्क वितरण गर्ने व्यवस्था प्राथमिक स्वास्थ्य केन्द्र वनियानीबाट मिलाइने, बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती महिलाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, पोषण सेवा र सुरक्षा, खोप सेवा लगायतका सबै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एउटै डालोमा राखी 'कचनकवल एकीकृत जीवन रक्षा' कार्यक्रम सञ्चालन गरी बालबालिकाको भ्रुण रक्षासहितको जीवन रक्षा र आमाहरूको मातृत्व रक्षाको सुनिश्चितता गरिने, निम्न आय भएका आदिवासी, जनजाति, दलित, पिछडावर्ग, लोपोन्मुख, अल्पसंख्यक र अन्य समुदायको स्वास्थ्योपचार पहुँच वृद्धिको कार्य गरिने कार्यक्रममा उल्लेख छ । यस वर्षबाट गाउँपालिकामा रहेका 'अल्पसंख्यक गन्धर्व जातिको निःशुल्क स्वास्थ्य बिमा' कार्यक्रमलाई निरन्तरता दिइने कार्यक्रममा राखिएको छ ।

आर्थिक विकासमा आधारित भौतिक पूर्वाधारतर्फ जैविक विविधताको दृष्टिले अति महत्वपूर्ण जलथल जंगल र पर्यटकीय क्षेत्रको पूर्ण सम्भावना बोकेको नेपालको सबैभन्दा होचो भू-भागमा रहेको केचना स्तम्भ, केचना झिल, बडो केचना झिल, घेरावारीको झिल र सो क्षेत्र वरपर रहेको क्षेत्रलाई गुरुयोजना बमोजिम पूर्ण संरक्षण र विकास गरी संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा राष्ट्रियस्तरको पर्यटक स्थलको रूपमा विकास गरिने, कृषि तथा औद्योगिक उत्पादनलाई निर्यातमुखी बनाउन 'एक गाउँ एक उत्पादन' कार्यक्रमलाई प्राथमिकतामा राखी उक्त उत्पादनको बजारीकरणका लागि 'एक वडा एक व्यापारिक केन्द्र' को स्थापना गरी आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने उल्लेख गरिएको छ ।

शिक्षातर्फ सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर शिक्षा अनिवार्य गरिने छ । क्रमशः अन्य विद्यालयहरूमा समेत थप गरिँदै लगिने छ । गुरुकुल तथा मदरसा शिक्षालाई विद्यालय शिक्षासँग क्रमशः आबद्ध गर्दै लैजाने व्यवस्था मिलाइने छ । कक्षा १२ सम्मका सबै विद्यार्थीहरूलाई निःशुल्क अध्ययन अध्यापन गराउने कार्यलाई निरन्तरता दिने, क्याम्पस तहमा अध्ययनरत् गाउँपालिकावासी छात्राहरु जो यस गाउँपालिकाभित्र स्थापित रहेको क्याम्पसहरूमा अध्ययनरत् छन् तिनको निःशुल्क पठनपाठनको व्यवस्था मिलाइने र बालविकास शिक्षकहरू र विद्यालयमा कार्यरत् कर्मचारीहरूका लागि वार्षिक पाँच हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने कार्यक्रममा राखिएको छ । सबै विद्यालयमा खेलकुद, सांस्कृतिक, व्यायाम (योग) शिक्षकको व्यवस्था गरिनेछ । सबै माध्यमिक विद्यालयहरूमा 'विद्यार्थी कृषि सहकारी' स्थापनाका लागि प्रोत्साहित गरिनेछ । सबै विद्यालयहरूमा बाल क्लब तथा आमा समूहहरूको गठन गर्ने व्यवस्था मिलाइने छ ।

त्यसैगरी कृषितर्फ कृषिका पकेट क्षेत्र वा सुपर जोन निर्माणका लागि वडा नं. १ लाई मकै क्षेत्र, वडा नं. २, ३ र ४ लाई धान क्षेत्र, वडा नं. ५लाई तरकारी क्षेत्र लगायतको व्यवस्थापनका लागि अन्य वडालाई समेत समेटेर उक्त क्षेत्रलाई कृषिका पकेट क्षेत्र घोषणा गरी गाउँपालिकाको व्यवसायिक कृषि कार्यक्रमसँग आबद्ध भएका धान, मकै, गहुँ, दलहन, तेलहन, सनपाट लगायत तथा व्यवसायिक पशुपालन (गाई, भैंसी, खसी, बाख्रा, सुगुर बंगुर, कुखुरा लगायत) को विकास र बिस्तारका लागि सहुलियत दरमा उन्नत जातको बीउबिजन, मलखाद, आहार, उपचार विधि लगायतका आवश्यक सेवा उपलब्ध गराई सम्पूर्ण गाउँपालिकावासीलाई कृषि बाली तथा पशु बाली व्यवसायिक उत्पादनमा आकर्षित गरी सबै पकेट क्षेत्रमा सोहीसँग सम्बन्धित उद्योग सञ्चालन गर्न चाहेमा त्यस्ता उद्यमीहरूलाई प्रोत्साहन र अनुदानको व्यवस्था गरिनेछ । यसका लागि प्रदेश र संघीय सरकारको समेत सहयोग जुटाउने तर्फ विशेष ध्यान दिइनेछ ।

खेत बाँझो नराख्ने कार्यमा कृषकहरूलाई प्रोत्साहित गरिनेछ । यस क्रममा कृषक व्यक्ति तथा समूहलाई खेत बाँझो नराख्ने सर्तमा भूमिगत सिञ्चाइका लागि आवश्यक सहयोग प्रदान गरिनेछ । खाद्य भण्डार, शीत भण्डार, सङ्कलन तथा बिक्री केन्द्रको दिगो व्यवस्थापन गरी किसानहरूबाट उत्पादन गरिएका खाद्यान्न, तेलहन, दलहन लगायतका कृषि उपजहरूको उचित मूल्यप्राप्तिको सुनिश्चितता गर्नुको साथै बजार सञ्जाल निर्माण गरी उत्पादित वस्तुहरूको बिक्री वितरणको दिगो व्यवस्थापन गरिनेछ । त्यस्तै लक्षित तथा वर्ग समुदायतर्फ अति विपन्न परिवारको पहिचान गरी खाना, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी समेतको न्यूनतम आवश्यकताको परिपूर्तिको व्यवस्थापन गरी सामाजिक सुरक्षाको सुनिश्चितता गरिनेछ ।

साथै अति विपन्न परिवारको आधारभूत आवश्यकताको परिपूर्तिका लागि 'अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यविधि' निर्माण गरी उनीहरूको जीवन रक्षाको सुनिश्चितता गर्न कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न लक्षितवर्गका निम्ति विनियोजन हुने रकमलाई समेत सिप विकाससँग एकीकृत गरी सबै वर्ग, समुदायका विशेष रूपले पछाडि परेका तथा पारिएका महिला तथा युवाहरूको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक क्षमता र सीप विकासमा आधारित 'कचनकवल लक्षित वर्ग तथा समुदाय क्षमता तथा सिप विकास कार्यक्रम' सञ्चालन गरिनेछ । यसका लागि आवश्यक तालिम केन्द्र र स्वरोजगार बैङ्क समेत स्थापना गरी सोही तालिम केन्द्र मार्फत सिप विकासका सबै कार्यक्रम र स्वरोजगार बैङ्कमार्फत स्वरोजगारी सिर्जना गरिनेछ । पाइलट प्रोजेक्टको रूपमा वडा नं. १ र २ मा मजदुर लक्षित नवीकरणीय ऊर्जा विकास कार्यक्रम लागू गरिने कार्यक्रममा उल्लेख छ ।

## धान ...

वर्ष जस्तै किसानले समयमा नै रासायनिक मल प्राप्त गर्न सकेका छैनन् । नेपालमा रासायनिक मल चीन र खाडी मुलुकबाट आयात हुन्छ । यतिखेर लाखौं टन मल कलकत्ता बन्दरगाहमा अड्किएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

विश्वमा खाद्य सुरक्षाको दृष्टिकोणबाट धान महत्वपूर्ण अन्न बाली हो । झण्डै चार अर्ब जनसंख्याको आधारभूत खाद्यान्न चामल हो । धानको नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा समेत महत्व छ । नेपालमा १३० जातका धानका बीऊ सिफारिस भइसकेका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ (नेपाल)को
सूचना
मितिः २०७७।०३।०४
अर्जुनधारा नगर कार्यपालिकाको बैठक नं. १७ को निर्णय नं. ०७ बमोजिम देहायका समयमा नगर क्षेत्रका मुख्य सडकहरुमा गुड्ने टिपर ट्याक्टर लगायत मालबाहक सवारी साधन बिहान ९ देखि १०, दिउँसो ३:३० देखि ४:३० तथा रातको समय ९ बजेदेखि बिहान ५ बजेसम्म गुड्न रोक लगाएको छ ।
अनपा कार्यपालिकाको बैठक नं. ५५ को निर्णय नं. १ अनुसार निषेधित नदीजन्य सामग्री उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनलाई तोकेबमोजिम जरिवानासहित प्रथमपटक पक्राउमा १ दिन नियन्त्रण, दोस्रोपटक पक्राउमा ७ दिन नियन्त्रण र तेस्रो पटक पक्राउमा भाद्र मसान्तसम्म सवारी साधन नियन्त्रण र सोमा भएको सामान जफत हुने सूचना सरोकारवालामा जानकारी गराइन्छ ।
अर्जुनधारा नगरपालिका

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल
कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं
- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।
बिर्तामोड नगरपालिका

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४३०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# धान दिवसको सार्थकता

आज असार १५। मानो खाएर मुरी उब्जाउने समय भनेकै असार हो । अर्थात् असार १५ वर्षाको मध्य र कृषिकर्मको उत्कर्षको समय हो । कृषिकर्ममा आश्रित परिवारका लागि असार १५ को बेग्लै महत्व छ । निर्भर झरीले कोमल माटोमा खनजोत गरेर, हिलो कुहाएर, रुझ्दैभिज्दै गरिने कृषिकर्म धर्ती पुत्रका लागि सर्वाधिक पुज्य हुन्छ । गाउँ नै गाउँले भरिएको देश नेपाल अनि बहुसंख्यक नेपाली कृषिकर्म मै भरपर्ने कारणले यो महिनाको पनि असार १५ को सांस्कृतिक पहिचान पनि बेग्लै छ । त्यही भएर पनि कैयौ कविहरुले असारको रोमाञ्चकतालाई गीत कवितामा उतारेका छन् भने गायकले स्वर र संगीतमा रुपान्तरण गरेर यसलाई थप उल्लासमय बनाएका छन्।

यही दिन नेपाली समाजमा दहीचिउरा खाने विशेष प्रचलन छ । त्यसो त यो खाजाको नियमिततामा पर्छ नेपालीका लागि । तर, आजका दिन ढिकीओखलमा कुटेको चिउरा, घरमै जमाएर बनाइएको दही र कतै पाकेका आँप मिसाएर खाने चलन छ । जसलाई विज्ञानका दृष्टिले समेत घामपानीमा रुझेको शरीर र मनलाई शान्ति दिने र त्यसको असरको प्रतिरोध गर्ने उत्तम खुराक मानिन्छ । हाम्रा बाह्र महिनाका अलग–अलग महत्व र विशेषता छन् । ती मध्ये असार कृषिप्रधान देश भएकाले हाम्रा लागि नव सृजनाको महिना र महत्वको पर्वकै रुपमा लिइन्छ । पहिला पहिला त आजको दिन रानी पनि खेत रोप्न जान्छिन् भन्ने गरिन्थ्यो । यसो भन्नुको तात्पर्य पनि सृजनालाई सबैले सम्मान गर्नुपर्ने र अन्य नामको ऐश्वर्यको महत्व कति छ भन्ने सन्देश दिन खोजिएको हुनसक्छ ।

पछिल्लो समय असार १५ लाई धान दिवसको रुपमा समेत मनाउन थालिएको छ । धान नेपालको प्रमुख कृषि उत्पादन हो । हाम्रा परम्परागत धान र कृषिकर्मको विधि विस्थापनको संघारमा छ । आधुनिकीकरणले काठको हलो, जुवा, हल्लुंड, जोतारो, गोरु, रांगा लोप हुन थालेका छन् । धान दिवसले पनि आधुनिकीकरण, बजारीकरण र व्यवसायीकरणमा जोड दिएको छ । यसले गर्दा विस्थापनमा पुगेको परम्परागत कृषि कर्म फेरिँदै नव पुस्तासम्म आइपुग्दा खेतीको विकल्प खोज्न थालिएको छ । सरकारले प्रत्येक वर्ष कृषिमा आधुनिकीकरण र व्यवसायीकरणको नीति सार्वजनिक गर्छ । अब त स्थानीय तहले समेत भावी कार्यक्रम बनाउँछन् जहाँ कृषिलाई प्राथमिकतामा राखिन्छ । तर, त्यसले कृषिकर्मलाई सेवा, पूजा र धर्म ठान्ने कृषकका मुहारमा थोरै पनि कान्ति दिन सकेको छैन । सायद यसको उदाहरण हो कि दूग्ध व्यवसाय गर्ने किसान नदीमा दूध पोख्न बाध्य छन्, तरकारी उत्पादकहरु खाडलमा पुर्न र चिया किसानहरु सडकमा फाल्न विवश छन् ।

अझ अहिले त सरकारले कृषिमा अत्याधुनिक कार्ययोजना अख्तियार गरेको छ । विशेष जोन छुट्याएर ठूलो अक्षरमा प्रचार पनि गर्छ । किसानलाई अनुदान, प्राविधिक सेवा तथा आधुनिक उपकरण वितरण गर्नेसम्मको सस्तो नारा पनि लगाउँछ । तर, किसान भने समयमा नभइनहुने बीऊबिजन र मलखाद नपाएर हैरान छन् । एक बोरा मलका लागि महिनौं कुर्नुपर्ने र त्यो पनि नपाउने अवस्थाका किसानको पीडामा चिप्ला भाषणले नुनचुक छर्किने काम गर्छ । कृषि कर्म गर्न योग्य र सक्षम युवाशक्ति रेमिट्यान्सको लोभमा विदेश पठाइन्छ । आवश्यक जनशक्तिको अभावमा ऐश्वर्य फलाउने जमिन बाँझै बस्छ । परिणाम हामी प्रत्येक वर्ष आयातमुखी र परनिर्भर देशमा रुपान्तरित हुँदैछौं । यस्तो बेला पर्न आएको असार १५ को बिशेष दिनले सरकारमा बस्ने, जनप्रतिनिधि हौं भन्ने र समाज रूपान्तरण गर्छौं, भन्नेहरुलाई बुद्धि दिओस्, असार पन्ध्रको सबैलाई शुभकामना ।

# असार १५ र धान दिवस



तीर्थराज खरेल

आज असार १५ । असार १५ लाई नेपाली समाजमा खेतमा रोपाइँ गरी दहीचिउरा खाएर मनाउने परम्परा छ । रोपाइँ गरी दहीचिउरा खानाले गति परिने विश्वास अनुरूप आफ्नो खेतीपाती नहुनेहरू पनि अरूको खेतमा रोपाइँ गरी हिलो छ्यापेर रमाइलो गरी दहीचिउरा खान पछि पर्दैनन् । दोहोरी रोपाइँ गीतको रन्कोमा रोपाइँ गर्नु असारको अर्को आकर्षण हो । असारको पहिलो सातादेखि मनसुन शुरू भएपछि असार १५ सम्म खेतको गरामा लाठे र रोपारहरू असारे गीतको भाकासँगै रोपाइँमा व्यस्त हुन्छन् । असार १५ सम्म लाठे र बाउसेहरूलाई आली जोर्ने र मेलो बनाउन चटारो छ भने कोरीबाटी चिटिक्क परेर मेलामा झरेका रोपारहरू कोही ब्याडमा बीऊ काढ्ने, कोही पखाल्ने र कोही मेलो पैट्र्याउने तर्खरमा जुटेका हुन्छन् । राष्ट्रको कूल गार्हस्थ उत्पादनमा ३८ देखि ४० प्रतिशतसम्म योगदान रहेको कृषि क्षेत्रमा असारको रोपाइँले ठूलो राख्छ ।

कृषि प्रधान देश नेपालमा प्रमुख खाद्यान्न धान बालीको उत्पादनमा हुने घटबढले अर्थतन्त्रमा समेत त्यसै अनुसार प्रभाव पार्ने भएकाले रोपाइँको ठूलो महत्व छ । नेपालमा धैरैजसो क्षेत्रमा आकाशे पानी वा क्षेत्र मनसुन मै भर पर्नुपर्ने स्थिति छ । त्यसैले मानो रोपेर मुरी फलाउने यो समयमा कृषकहरू आफ्ना अन्य काम छाडेर भए पनि असारे भेल छोपी धानबाली लगाउन व्यस्त हुन्छन् । 'मुठी खाएर मुरी उब्जाउने' महिनाको मध्य अर्थात् असार १५ गतेका दिन नेपालभर धान दिवस, रोपाइँ यात्रा आदि नामले मनाइन्छ । कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेसा खेतीपाती हो । किसान वर्षभरका लागि छाक जुटाउन यो महिनामा खेतीमा व्यस्त हुन्छन् । आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ ।

'छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला, बनाई कुलो लगाई पानी आएर गोडौँला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ । विश्वका करिब तीन अर्ब मानिसको मुख्य खाना नै चामल हो । संसारको नब्बे ९० प्रतिशत धान एसियामै उत्पादन हुने गर्छ । उत्पादनको आधा एसियामै खपत हुने गरेको छ । नेपालको कूल गार्हस्थ उत्पादनमा २९.४ प्रतिशत योगदान कृषि क्षेत्रको छ । कृषिमा ६०.४ प्रतिशत जनसंख्या आश्रित छन् । कृषि गार्हस्थ उत्पादनमा धानको योगदान २० प्रतिशत रहेको कृषि विकास मन्त्रालयले जनाएको छ । हाल नेपालमा १५ लाख ५२ हजार हेक्टरमा धान खेती भइरहेको छ । खेती गरिने ५०.२ प्रतिशत जमिनमा धानखेती हुने गरेको छ । खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट मानिसलाई आवश्यक पर्ने क्यालोरीको २० प्रतिशत हिस्सा चामलमै पाइन्छ ।

विश्वका एक सय १४ मुलुकमा धानको उत्पादन हुने गर्छ । संसारमा १६ करोड ३२ लाख हेक्टरमा ७४ करोड नौ लाख मेट्रिक टन धान उत्पादन हुन्छ । सबैभन्दा बढी धान उत्पादन गर्ने मुलुक चीन हो । यसपछि क्रमशः भारत, इण्डोनेसिया, बङ्गलादेश, भियतनाम, थाइल्याण्ड, म्यानमार, फिलिपिन्स, ब्राजिल र जापान रहेका छन् । किसानको मनोबल उच्च राखी उनीहरूको श्रमको सम्मान गर्ने उद्देश्यले नेपाल सरकारले नीति बनाउन जरुरी छ । खेतमा रोपाइँ गरी दहीचिउरा खाने भएकाले यस दिनलाई दहीचिउरा खाने दिनका रुपमा समेत लिने गरिन्छ । वर्षामा हिलाम्मे भएको शरीरमा ऊर्जा दिने भएकाले दहीचिउरा खाने चलन रहेको विज्ञहरू बताउँछन् ।

कृषि प्रधान हाम्रो मुलुकमा खाद्य सुरक्षाको प्रमुख आधारको रुपमा रहेको धानको उत्पादनलाई महत्व दिँदै सरकारले असार १५ लाई राष्ट्रिय धान दिवसका रुपमा मनाउने गरेको हो । सरकारले आजका दिनलाई दिवसका रुपमा मनाउँदै आए पनि आधुनिक प्रविधिको आम किसान माझ पुग्न नसकेका कारण खेतीयोग्य जमिन भएर पनि धान उत्पादनमा वृद्धि हुन नसकेको कृषि विज्ञहरूको भनाइ छ । नेपालले वि. सं. २०६१ सालदेखि असार १५ लाई धान दिवसका रूपामा मनाउँदै आएको छ । कृषिमा परनिर्भरता बढ्दै गएका कारण उत्पादकत्व बढाउने उद्देश्यले नेपालमा धान दिवस मनाउन थालिएको हो ।



साता/पन्ध्र दिन काम गरेर वर्षभर खाने बाली लगाउन कामको मिचो भएकाले वास्तवमा सबै कृषकका लागि असारको १५ महत्वको हुन्छ । लासलाई एकछिन घुमले छोपेर भए पनि असारे भेल छोप्नु पर्दछ भन्ने बुढापाकाको भनाइले पनि यसको महत्व दर्शाउँछ । त्यस्तै 'असारमा डुल्ने पजनीमा भुल्ने' अर्थात् असारमा काम गर्ने बेलामा त्यसै डुल्ने र सरकारको काम इमान्दारीपूर्वक नगरी पदोन्नति अर्थात् पजनीमा नपर्ने व्यक्तिले गरी खाँदैन भन्ने बुढापाकाको अर्को उखानले पनि असारको महत्वलाई पुष्टी गर्छ । रोपाइँ कार्य मुलुकको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षसँग पनि निकटरूपमा जोडिएको छ । रोपाइँको पहिलो दिन देवतालाई बीऊ चढाई परिपूर्ण, भरिपूर्णका लागि अन्नपूर्णको आराधना गरी रोपाइँको श्रीगणेश गरिन्छ ।

रोपाइँमा धेरै खेतालाको आवश्यक पर्ने भएकाले गाउँघरमा पालैपालो पर्मद्वारा रोपाइँ गरिने भएकाले यसले सामाजिक एकता र सद्भाव बढाउन पनि ठूलो टेवा पुऱ्याउँदै आएको छ ।

कतै-कतै ठूला खेती भएकाले रोपाइँ गर्दा बेठी लगाउने अर्थात् पञ्चेबाजा बजाई नाचगान गर्ने, भोज खुवाउने तथा खेतालाहरूलाई मसला र रूमाल बाँड्ने पनि प्रचलन छ । नेपालमा समुद्री सतहभन्दा ७० मीटर उचाइमा रहेको झापाको केचनादेखि दुई हजार सात सय ८० मीटर उचाइमा रहेको जुम्लाको छुमचौरसम्म धानखेती गरिँदै आएको छ । जुम्लामा लगाइने धानखेतीलाई विश्वकै सबैभन्दा उच्च स्थानमा धानखेती भएको मानिन्छ ।

पहिला-पहिला मार्सी, तौली, थापचिनिया, वासमती खट्टेखानी आदि जातका धानखेती गरिन्थ्यो भने हाल ताईचुङ्ग, विन्देश्वरी, खुमल, मन्सुली, राधा चार आदि विकासे जातका धान लगाइन थालेको छ । रैथाने जातहरु हराउँदै जान थालेका छन् । एक आँकडा अनुसार हाल धान खेतीको ७९ प्रतिशत क्षेत्रफल विकासे जातका धानखेतीले ओगटेको बताइन्छ ।

धान नेपालको प्रमुख बाली भएता पनि धानको परनिर्भरता हट्न सकेको छैन । धानको उत्पादन र उत्पादकत्व दुवैमा सुधार गर्ने गरी कार्यक्रमहरु तय गर्नु जरुरी छ । सबैभन्दा ठूलो चिन्ताको विषय युवा जनशक्ति पलायन हो । मुलुकमा रोजगारको अभावमा विदेशिने क्रम रोकिएको छैन भने धान लगायतका कृषिकर्मका लागि जनशक्तिको अभाव बढ्दो छ । खेतीयोग्य भूमि घडेरीमा परिणत गर्नु, आकासे खेतीमा निर्भर र सिँचाइको व्यवस्था नहुनु, सीमित व्यक्तिका हातमा धेरै जमिन हुनु, जग्गाको बढ्दो खण्डीकरण, उन्नत जातका बीऊबीजन तथा मलखाद तथा अनुदान नहुनु आदि धान खेतीका प्रमुख समस्याहरु हुन् ।

कोभिड-१९ को महामारीको परिवेशमा अब धान लगायत अन्य कृषि कर्मका लागि विदेशिएका युवालाई स्वदेशमै केन्द्रित गर्न जरुरी छ । कृषि क्षेत्रलाई यान्त्रिकीकरण र आधुनिकीकरण गर्दै जनस्वास्थ्यलाई समेत ख्याल गर्दै उत्पादन र उत्पादकत्व दुवैलाई वृद्धि गर्न आवश्यक छ । आजको धान दिवसले समस्त किसान, कृषिविज्ञ र नेपाल सरकारका विभिन्न तहतप्काका सरोकारवालाहरुले यस सम्बन्धमा रणनीति, कार्यनीति र कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

*tirthakharel2028@gmail.com*

# असार १५ : रोपाइँ महोत्सव



रत्नबहादुर बस्नेत

नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश मानिस कृषि पेशामा आश्रित छन् । पेशाले जो जे भए पनि अन्न सबैका लागि अपरिहार्य छ । अन्न मध्ये पनि मुख्य खाद्यान्न बाली धान हो । यस्तो बाली लगाउने समयको विशेष महत्व रहेको छ । यही महत्वपूर्व समय हो- असार । ग्रीष्मको कठोर प्रचण्ड गर्मीपछि शीतल बनाई प्रकृति हरियाली बनाइ दिने वर्षात्को महत्व झल्काउने पर्व र अवसर विशेष हो- असार १५ ।

*न बाहिर बोक्रो न भित्र खोक्रो कसार*
*पूर्वको ढोका उघारी हेर्दा लागेछ असार,*
*छुपुमा छुपु धान है रोप्नु हातमा बीऊ रहुञ्जेल*
*मीठो है खानु मीठो लाउनु यो जीवन छहुञ्जेल,*

जस्ता असारे भाकाका गीत गुञ्जने महिना हो-असार । गीतका समय र अवसरमा गाइने लय र भाकाहरु हुन्छन् । तिनलाई यस्तै समय र सन्दर्भमा गाइन्छ । त्यस्तै वर्षात्को बेला रोपाइँको बेला रोपाहार र हलीले गाउने गीत हो- असारे गीत । मनभित्रका पीर, पीडा, वेदना पोखिन्छन् यस्ता गीतमा । त्यस्तै मायाप्रितिका भावना लयमा ढालेर अभिव्यक्त हुन्छन् ।

*असारे मासको दबदबे हिलो छुनलाई घिन लाग्यो*
*मायालु ज्यानलाई फरिया किन्दा छ विसा ऋण लाग्यो ।*
*रुझ्दै र भिझ्दै बीऊ काढ्छौं हातका मर्मले*
*झ्यालमा बस्ने रहर थियो दिएन कर्मले ।*

गीत गाएर कर्म (परिश्रम) गर्नु रमाइलो हुन्छ । गीतले बलसञ्चय, आनन्द र उत्साह प्राप्त हुन्छ । उकालो चढ्दा भञ्ज्याङ पुग्दा सिर्सिरे बतास चल्दाको आनन्द हुन्छ असारे गीतका भाकाले । नेपालका विभिन्न स्थानमा यस्ता असारे भाकाका गीतका भाका फरक छन्, तर शैली एउटै छन् । वर्षात्को उमँग, यस हिले पर्वको मज्जा उस्तै हुन्छ । हाम्रो संस्कृतिमा यही महिनाको १५ गते अर्थात् असार पन्ध्रलाई हिले पर्व तथा रोपाइँ महोत्सवको रुपमा मानिन्छ । किसानहरु रोपाहार, बाउसे, ब्याडे, लाठे मानो खाएर मुरी फलाउने अभियानमा जुट्ने उत्सवको दिन हो यो । 'असारको हिलो नछोइ गति पाइँदैन' भन्ने परम्परा अनुसार असार महिनाको ठूलो महत्व छ । राष्ट्रिय अर्थतन्त्रमा धानखेतीले महत्वपूर्ण स्थान ओगटेको छ ।

यस दिनको रोपाइँ मंसिरको दाइँमा परिणत गर्ने मीठो र सुखी सपना कल्पना गर्दै दहीचिउरा खाने परम्परा छ । केही पहाडी भागमा 'बेठी' लगाउने परम्परा पनि छ । धनीमानीहरुले रोपाइँ थालनी गर्दा नौमती बाजा बजाएर उत्सवको रुपमा मान्ने परम्परालाई 'बेठी' भनिन्छ । आजभोलि भने बेठी परम्परा हराउँदै गएको छ । खासगरी पढेलेखेका शिक्षित वर्गले कृषि कर्म गर्न हुँदैन भनेर युवायुवतीमा वितृष्णा बढ्दै गएको पाइन्छ । तर, श्रम, सिप, शालिनता (साधना) नै सच्चा नेपालीको परिचय हो । जुन परम्पराको पहिले-पहिले प्राचीन समयमा अझ ठूलो महत्व रहने गर्दथ्यो । यस अवसरमा राजारानीको समेत सवारी भई रानीको हातबाट रोपाइँको शुरुवात गरिन्थ्यो । जसका कारण त्यस्ता भूमि क्षेत्रका रानीखेत, रानीटार, रानीगरा जस्ता नामकरण हालसम्म पनि रहेको पाइन्छ ।

केही वर्षयता असार पन्ध्रलाई राष्ट्रिय धान दिवसका रुपमा किसानका खेतबारीमा सरकारका तर्फबाट तथा केही राजनेताको सहभागिता रहने र दहीचिउरा खाने कार्यक्रमको आयोजना गरेको पाइन्छ । वि.स. २०६० सालदेखि असार पन्ध्रलाई धान दिवसको घोषणा गरी यस दिनलाई राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाउन थालिएको हो । हाल नेपालमा १३ लाख ७१ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ । तर, कृषि क्षेत्र तथा किसानको हित प्रवर्द्धनमा ठोस एवम् प्रभावकारी योजना नआएका कारण र कृषकले समयमा बीऊ तथा मल नपाइरहेको वर्तमान अवस्थामा मनाइने धान दिवस औपचारिकतामा सीमित रहने गरेको देखिन्छ । सिर्जनाको मूल प्रवाह पनि हो, असार । अर्थात् असार किसानका लागि मात्र होइन भाका, लयमा गीत संगीत ओराल्ने गायक कलाकारका लागि पनि महत्वपूर्ण मानिन्छ । संस्कृति, सामाजिक रहन-सहन, मायाप्रीति, सुख-दुःखका मर्म बोल्दछन् लोक संस्कृति गीतहरुमा । हाम्रो जनजीवनमा निकटता गाँसिएको छ लोक गीतमा ।

धार्मिक सम्बन्ध पनि बोकेको छ असार पन्ध्रले । रोपाइँजात्राका क्रममा धान रोपाइँको थालनी गर्दा 'सिमेभूमे' देवता माटो पानीका देवताको पूजा गर्ने परम्परा रहेको छ । माटो, पानी, पृथ्वी यी हाम्रा जीवन प्राणका आधार हुन् । यिनै देवता हुन् । असारे भाकाका गीत पनि यिनको वर्णन गरिएको पाइन्छ । एकअर्कामा सहयोग गर्ने सामजिक सद्भावको सन्देश पनि दिएको छ यस पर्वले । हाम्रो संस्कृतिमा पञ्चपिता (जन्मदिने बाबु, कन्यादिने ससुरा, मन्त्र दिने गुरु, अन्नदिने किसान र भय हर्ने राजा) मध्ये एक किसानलाई मानिएको छ । सबैको प्राण रक्षाका लागि अनिवार्य अन्न उत्पादनमा जीवन समर्पित गर्ने भएको उसलाई पिता समान आदर सम्मान गर्न निर्देशन गरिएको हो । यसरी अन्नदाता किसानको जीवन र किसानप्रति श्रद्धा सबैमा हुनुपर्ने देखिन्छ । तर, कृषि कर्म र किसान उपेक्षित (उपेक्षाको पात्र) बन्दै गएको छ । यसमा सरकार र सम्बन्धित सबैको ध्यान जान जरुरी छ । यसरी सांस्कृतिक दृष्टिकोणबाट होस् वा आर्थिक दृष्टिकोणबाट यति महत्वपूर्ण किसानको जीवनसँग सर्वाधिक महिमा गाँसिएको पर्व असार पन्ध्रका अवसरमा सरकारले किसान र कृषि क्षेत्रको उत्थान हुने राम्रा कृषि नीति र तिनको प्रभावकारी कार्यान्वयन जोड दिन सक्नुपर्दछ । यसैमा धान दिवस तथा रोपाइँ महोत्सव मनाउनुको सार्थकता रहनेछ ।

# ए-लेभल : परिचय र विशेषता



रमेश निरौला



एसईई (एसएलसी) पछि आफ्नो सुनौलो भविष्यको निम्ति हरेक विद्यार्थी उत्कृष्ट शिक्षाको खोजीमा हुन्छन् । आफ्नै क्षेत्रमा गुणस्तरीय अन्तर्राष्ट्रिय शिक्षाको अभावले पूर्वाञ्चलबासी हरेक वर्ष काठमाडौं जानुपर्ने बाध्यता रही आएको थियो । यसै विषयलाई मध्यनजर गर्दै पूर्वाञ्चलमै पहिलो पटक विजयपुर कलेज धरानले संसारकै उत्कृष्ट क्याम्ब्रिज विश्वविद्यालयको ए-लेभल कोर्ष सञ्चालन गरेको छ । विगत १५ वर्षदेखि यसै क्षेत्रमा लागेका दक्ष र अनुभविदहरुद्वारा सञ्चालित यो कोर्ष अध्ययन गर्न अव काठमाडौं नै जानुपर्ने बाध्यताको अन्त्य भएको छ ।

**के हो ए–लेभल ?**

एसईई (एसएलसी) वा सो सरह पछि विद्यार्थीहरुलाई विश्वविद्यालय प्रवेश गराउनु पूर्वको शिक्षा ए-लेभल हो । यो बेलायतको क्याम्ब्रिज विश्वविद्यालय अन्तरगत, क्याम्ब्रिज इन्टरनेशनल एक्जामिनेसन बोर्ड (सीआईई) ले चलाउने 'जनरल सर्टिफिकेट अफ एजुकेशन (जीसीई) को शैक्षिक कार्यक्रम हो । ए-लेभल नेपालको १०+२ सरहको पाठ्क्रम हो । तह उत्तीर्ण गरेपछि विद्यार्थीले विश्वको कुनै पनि विश्वविद्यालयहरुमा स्नातकस्तरको अध्ययन गर्नका लागि आवेदन दिन पाउँछन् । यसका अन्तर्राष्ट्रिय ख्यातीले विद्यार्थीहरुलाई विश्वको राम्रो कलेजमा भर्ना तथा छात्रवृत्ति पाउन सजिलो र सम्भव हुने गर्दछ ।

भविष्यमा आफूलाई राम्रो र दक्ष बनाउनका लागि ए-लेभल कोर्ष अत्यन्त राम्रो मानिन्छ । यो कोर्ष पढेका विद्यार्थी सैद्धान्तिक र व्यावहारिक रुपमा दक्ष हुन्छन् । प्रविधिको उच्चतम प्रयोग गरी पढाउने भएकोले विद्यार्थी बहुप्रतिभाशाली हुन्छन् । यसमा विद्यार्थीलाई घोकाएरभन्दा बुझाएर पढाउने गरिन्छ । अर्थात् विद्यार्थीले कति पढ्यो भन्दा पनि कति बुझ्यो भन्नेलाई महत्व दिइन्छ र विश्लेषणात्मक पक्षलाई परीक्षामा बढी समावेश गरिन्छ । प्रश्न एक्टिभ हुन्छन् भने विद्यार्थीहरुको अभिव्यत्ति अब्जेक्टिभ हुन्छ ।

**ए–लेभलको विशेषता**

ए-लेभलमा जनरल पेपर (अंग्रेजी) बाहेक आफूलाई मनपरेको विषय रोजेर पढन पाइन्छ । अंग्रेजी बाहेक अरु कम्तीमा तीनवटा विषय पास गरे विश्वको कुनै पनि विश्वविद्यालयमा भर्ना हुन योग्य हुन्छ । ए-लेभल पढेका विद्यार्थीले अन्तर्राष्ट्रिय स्तरको प्रमाणपत्र पाउने हुनाले विद्यार्थीलाई अवसरको ढोका खोलिदिन्छ । विश्वको करिब एक सय ६० देशमा पढाइ हुने यो ए-लेभलको परीक्षा प्रणाली र ग्रेडिङ प्रणाली पनि विश्वभर एउटै मापदण्डको हुन्छ ।

प्रत्येक वर्ष मे/जुन र अक्टोबर/नोभेम्बर गरी वर्षको दुईपटक विश्वभरिनै एकैपटक परीक्षा सञ्चालन हुन्छ र नतिजा पनि सो अनुसार एकै साथ अगष्ट र जनवरी मा प्रकाशन हुन्छ । आफू पूर्णरुपमा तयार भएको विषयको मात्र परीक्षा दिन पाइने भएकोले विद्यार्थीलाई राम्रो ग्रेड ल्याउन सजिलो हुन्छ । आफू सक्षम भएको विषयको परीक्षा पहिले दिएर बाँकी विषय आउने छ महिनापछि दिए पनि हुन्छ । यदि कुनै विषयमा कम अङ्क आएमा त्यो विषयको मात्र पुनः परीक्षा दिएर राम्रो अङ्क पनि ल्याउन सकिने हुन्छ ।

ए-लेभलको पाठ्यक्रममा अहिलेको विद्यार्थीले कस्तो प्रकारको शिक्षा वा ज्ञान प्रप्त गर्नुपर्ने हो सोही अनुसारको सम्पूर्ण विषयको कोर्षहरु अपडेट भइरहेको हुन्छ । ए-लेभल कोर्ष सेमिनार, छलफल, प्रयोगशाला विधि, प्रोजेक्टवर्क, प्रतिवेदन, लेखक, अनुसन्धान र समसामयिक विषयको अध्ययन आधारित हुन्छ । अतःआफ्नै देशमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा पढेर विश्वका विभिन्न मुलुक गई अधययन गरी फेरि आफ्नै देशमा फर्की सेवा गर्ने हो भने हाम्रो जस्तो विकासोन्मुख देशलाई यो भन्दा राम्रो अरु अवसर हुनै सक्दैन । त्यसैले यसको पाठ्क्रम, शिक्षा प्रणाली, परीक्षा प्रणाली, ग्रेडिङ्ग प्रणाली आदी सबै क्याम्ब्रिज विश्वविद्यालयले तय गरेको हुनाले ए-लेभल सबैको रोजाइको विषय बन्दै गएको हो ।

*dharan2019@gmail.com*

*निरौला बिजयपुर ए-लेभल सुनसरी, धरानका इञ्चार्ज हुन् ।*

# पीसीआर प्रयोगशालाका लागि साना मझौला व्यवसायी साकोसको ३१ हजार



**बिर्तामोड, असार १४।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा सुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा स्थापना हुन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि बिर्तामोड-१ मा रहेको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले ३१ हजार रुपैयाँ प्रदान गरेको छ ।

साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले १०औं स्थापना दिवसको अवसरमा आइतबार आयोजना गरेको कार्यक्रममा उक्त रकम प्रदान गरेको हो । साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका उपाध्यक्ष तथा 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामलोचन न्यौपानेले स्वागत गरेका थिए ।

कार्यक्रममा साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतले 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरी, सह-संयोजक बिनोद बस्नेत, सदस्य रोटरी क्लव अफ विर्तामोडका प्रेसिडेन्ट इलेक्ट निर्मलकुमार भट्टराईलाई सो रकमको चेक हस्तान्तरण गरेकी थिइन् ।

झापामा कोरोना संक्रमितको संख्या बढिरहेकाले कोरोना भाइरसको संक्रमण परीक्षण गर्न 'एकका लागि एक' अभियानको अगुवाईमा नागरिकस्तरबाट झापामा स्थापना हुन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि रकम प्रदान गरिएको संस्थाकी अध्यक्ष बस्नेतले बताइन् । उनले संस्थाको सामाजिक उत्तरदायित्व अन्तरगत उक्त रकम प्रदान गरिएको बताउँदै आफूहरुको सहयोगले कोरोना संक्रमितको पीसीआर परीक्षणमा मद्दत पुग्ने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले गरेको सहयोगको प्रशंसा गर्दै पीसीआर परीक्षण प्रयोगशालाका लागि हालसम्म ८५ लाखभन्दा बढी रकम जुटिसकेको बताए । उनले आगामी साउन १ गतेबाट कनकाईको कोटीहोमस्थित समर्पण भवनमा पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन हुने गरी काम अगाडि बढाइएको जानकारी दिए ।

सरकारी मापदण्ड अनुसारको पीसीआर परीक्षण प्रयोगशाला स्थापना हुने बताउँदै उनले मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी पीसीआर परीक्षण प्रयोगशालाका लागि अनुमति, व्यवस्थापन र सञ्चालनको जिम्मेवारी भने प्रदेश सरकारले लिने सहमति भइसकेको बताए ।

सम्पूर्ण प्रक्रिया अगाडि बढाउँदै तत्काल आवश्यक काम पूरा गरी प्रदेश सरकारलाई पीसीआर परीक्षण प्रयोगशाला हस्तान्तरण गरिने बताउँदै उनले सरकारी मापदण्ड अनुसार पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि अन्नपूर्ण न्यूरो हस्पिटल अन्नपूर्ण रिसर्च सेन्टरबाट डा. दिनेश थापा तथा अनुसन्धान अधिकृत अनिलकुमार साह र विराज लोहनीको टिमले शुक्रबारबाटै काम थालेको जानकारी दिए ।

कार्यक्रममा 'एकका लागि एक' अभियानका सहसंयोजक बिनोद बस्नेत, अभियानका सदस्य रोटरी क्लव अफ बिर्तामोडका प्रेसिडेन्ट इलेक्ट निर्मलकुमार भट्टराई लगायतले 'एकका लागि एक' अभियान र पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका बारेमा प्रस्ट्याएका थिए ।

कार्यक्रममा साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष खड्गप्रसाद ओडारी, सुरुङ्गा सेवाकेन्द्रका प्रमुख राजेन्द्र उप्रेती लगायतले कोरोना भाइरस संक्रमितको पीसीआर परिक्षणका लागि 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा नागरिकस्तरबाट पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्नु झापाबासीका लागि गौरवको विषय भएको बताएका थिए ।

कार्यक्रमको सञ्चालन साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख चन्द्रकुमार भट्टराईले गरेका थिए ।

# कोरोनामुक्त अभियानमा कचनकवल

**भद्रपुर, असार १४।** कोरोना भाइरस (कोभिड-१९) को इपिसेन्टर बनेको कचनकवल गाउँपालिकाका संक्रमितहरु उपचारपछि धमाधम निको भएर घर फर्किन थालेका छन् ।

भारतको विभिन्न राज्यमा रोजगारीका लागि गएका कचनकवलबासी स्वदेश फर्किएपछि कोरोना भाइरसको संक्रमितको संख्या ह्वात्तै बढेको थियो । महिना दिनकै अवधिमा कचनकवलमा संक्रमितको संख्या एक सय २९ पुगेको थियो । त्यहाँ भेटिएका संक्रमितको संख्या प्रदेश १ कै स्थानीय तहमा सबैभन्दा बढी हो ।

भारतको दिल्ली, मुम्बई, चेन्नई, गुजरात, तामिलनाडु लगायतका संक्रमित क्षेत्रबाट आएका गाउँवासीलाई गाउँपालिकाले सीमाबाटै उद्धार गरी सोझै क्वारेन्टाइनमा लगेर राखेका थिए । क्वारेन्टाइनमा बसेका उनीहरूको त्यहीबाटै स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि विराटनगर र धरान पठाइएको थियो ।

त्यहाँबाट रिपोर्ट आउन थालेपछि दिनैपिच्छे गाउँपालिकामा संक्रमितको संख्या थपिन थाल्यो । संक्रमितको संख्या थपिँदै गएपछि जनसमुदायमा संक्रमण फैलिने त्रास स्थानीयमा देखियो ।

गाउँपालिकामा पुष्टि भएका एक सय २९ जना कोरोना संक्रमित मध्ये एक सय २६ जना उपचारपछि निको भएर घर फर्किसकेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । 'बाँकी तीन जना संक्रमितको उपचार भइरहेको छ, उनीहरूको स्वास्थ्य अवस्था सामान्य छ' -उनले भने- 'उनीहरू पनि चाँडै निको भएर फर्किन लागेको बुझिएको छ ।'



उनका अनुसार क्वारेन्टाइनमा बसेका ६१ महिला र छ सय ४१ पुरुष गरी सात सय दुई जनाको स्वाब संकलन गरिएको र त्यसमध्ये एक सय २९ जनाको पोजेटिभ रिपोर्ट आएको हो । बाँकी पाँच सय ७३ जनाको रिपोर्ट नेगेटिभ आएको उनले बताए । कर्मचारी, स्वास्थ्यकर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी आरडीटी र पिसिआर गरी जम्मा एक हजार ८२ जनाको स्वास्थ्य परीक्षण भइसकेको छ ।

गाउँपालिकाको क्वारेन्टाइनमा बसेका अधिकांश घर फर्किसकेको बताउँदै उनले भने- 'शनिवार मात्रै ४२ जनाको स्वाब परीक्षण गरी पीसीआरका लागि पठाएका छौँ ।' अब गाउँपालिकालाई कोरोनामुक्त बनाउने अभियानमा यहाँका जनप्रतिनिधि र स्वास्थ्यकर्मी लागि परेको उनको भनाइ छ ।

यता गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले भने- 'सबैको सहयोगमा गाउँपालिकालाई संक्रमितमुक्त बनाउने अभियानमा लागि परेका छौँ ।' गाउँपालिकाको गाउँ सभालाई समेत सम्बोधन गर्दै उनले भनेका छन्- 'कचनकवलमा कोरोना भाइरसका संक्रमित ह्वात्तै बढेको थियो, तर संक्रमितलाई नियन्त्रण गर्न र समाजमा फैलिन नदिन यहाँका राजनीतिक दल, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, नागरिक समाज र प्रहरी प्रशासनले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो, जसको परिणामले संक्रमितहरु निको भएर घर फर्किन थालेका छन् ।'

अहिले क्वारेन्टाइनमा बसेकाहरूलाई पनि रिपोर्टको आधारमा धमाधम घर पठाउने काम भइरहेको बताउँदै उनले भने- 'सबैलाई घरमै बस्न, स्वास्थ्यकर्मीको सल्लाह बमोजिम काम गर्न सचेत पनि गराइँदैछ ।' उनीहरूको मनोबल उच्च बनाउन सबै तह लागि परेको उनको भनाई छ ।

# विवाहको खर्च खड्काको उपचारमा

**मेचीनगर, असार १४।** झापा मेचीनगरका एक नव दम्पत्तिले आफ्नो वैवाहिक कार्यको खर्चबाट केही रकम झापा मेचीनगर नगरपालिका-९ लिलावस्ती निवासी २८ वर्षीय सागर खड्काको उपचारका लागि सहयोग गरेका छन् ।

गत असार ११ गते विवाहबन्धनमा बाँधिएका झापा मेचीनगरका सुशान्त थापा र स्वेच्छा बानियाँ थापाले नगद दश हजार रुपैयाँ आर्थिक सहयोग गरेका हुन् । मेचीनगर-१० निवासी वेहुला थापा र मेचीनगर-१५ निवासी बाँनियाँले 'सागर खड्का उपचार सहयोग समिति'लाई रकम हस्तानतरण गरेका हुन् । समितिका संयोजक गोपाल बस्नेत र सदस्य ऋषिराज तिम्सिनाले रकम ग्रहण गरेका थिए ।

सुशान्त एनआइसी एशिया बैंक शाखा धुलाकारीमा कार्यरत छन् भने स्वेच्छा बीएससी नर्सिङ हुन् । उनी बिर्तामोडको बिएण्डसी अस्पताल एण्ड रिसर्च सेन्टरमा कार्यरत् छिन् ।

बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा खड्काको दोस्रो पटक ब्रेन ट्युमरको शल्यक्रिया गरिए पनि उपचारमा आर्थिक अभाव भएपछि समितिले सहयोगका लागि सबै सहयोग आग्रह गरेको थियो ।



विवाहमा हुने अनावश्यक खर्च नगरी खड्काको उपचारमा केही राहत पुगोस् भन्ने हेतुले मानवीय कार्यमा नव दम्पत्तिले रकम खर्च गरेको बताएका छन् । 'सबैभन्दा ठूलो सेवा मानवताको सेवा गर्नु नै हो ' बेहुलाका बाबु इञ्जिनियर इन्द्र थापाले भने-'त्यही भएर हामीले फजुल खर्च घटाएर सहयोग गरेका हौ ।'

समितिले स्वेच्छिक सहयोग जुटाएर खड्काको उपचारमा मद्दत पुऱ्याउने संयोजक बस्नेतको भनाई छ । करिब पाँचदेखि सात लाख रुपैयाँ खर्च अनुमान गरिए पनि अहिले ५० हजार रुपैयाँ संकलन भएको छ । सहयोग ररकम निरन्तर प्राप्त भइरहेको उनको भनाई छ ।

२०७३ साल भदौ २ गते बिर्तामोडको बीएण्डसी हस्पिटलमा न्यूरोसर्जन डा. सीपी लिम्बूले उनको टाउकाको शल्यक्रिया गरी ब्रेनको ट्युमर फालेका थिए । तर, चार वर्षपछि सोही ठाउँमा ट्युमर बल्झिएपछि डा. सीपी लिम्बू नेतृत्वको चिकित्सकको टोलीले बिर्तामोडको बिर्तासिटी हस्पिटलमा शल्यक्रिया गरेको बताइएको छ ।

# 'राप्रयुसं'को आपत्ति

**भद्रपुर, असार १४।** हल्दिबारी गाउँपालिकाका उपाध्यक्ष डम्बरबहादुर गिरीले लगाएको आरोपप्रति राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन झापाले आपत्ति जनाएको छ ।

गाउँपालिकाका उपाध्यक्ष गिरीले पत्रकार सम्मेलन गरी पार्टी नेता तथा झापा क्षेत्र नम्बर ३ का संघीय सांसद राजेन्द्रप्रसाद लिङ्देनलाई लक्षित गरी राखेको पूर्वाग्रह र दुराशययुक्त भनाई प्रति राष्ट्रिय प्रजातान्त्रिक युवक संगठनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संगठनका अध्यक्ष राजकुमार राई र सहसचिव अमित थुलुङले विज्ञप्ति जारी गर्दै आपत्ति जनाएका हुन् । विज्ञप्तिमा भनिएको छ- सांसद लिङ्देन आफ्नो निर्वाचन क्षेत्रमा पर्ने हल्दिबारी गाउँपालिकाको समस्या शान्तिपूर्ण समाधानको निम्ति राजनीतिक पहल प्रयत्न गरिरहेको र पार्टीको समेत जिम्मेवार नेताको नाताले कार्यकर्ताहरूलाई संयम रहन निर्देशन गरिरहेको अवस्थामा गाउँपालिकाका उपाध्यक्षको भनाइ प्रति खेद व्यक्ति गर्दै विज्ञप्ति मार्फत उपाध्यक्ष गिरीलाई सचेत गराउन चाहन्छौँ ।

संगठनले समस्याको समाधान आपसी वार्ता र संवाद मार्फत समाधानको लागि अनुरोध गर्दै पुनः उपाध्यक्ष गिरीलाई अराजक, तथ्यहीन आरोप-प्रत्यारोप र चरित्रहत्या गर्ने कार्य नदोहोऱ्याउन सचेत गराएको छ ।

गत असार १० गते गाउँपालिकाको गाउँ सभामा बजेट, नीति तथा कार्यक्रम पारित गर्ने विषयमा गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देन र उपाध्यक्ष गिरी समूहका जनप्रतिनिधिबिच विवाद भई हातपातदेखि तोडफोडसम्म भएको थियो ।

# रोटरी क्लव अफ भद्रपुरको क्लव एसेम्ब्ली



**भद्रपुर, असार १४।** रोटरी अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२९२ नेपाल भूटान अन्तर्गतको रोटरी क्लव अफ भद्रपुरको सन् २०१९/०२० को अन्तिम क्लव एसेम्ब्ली सम्पन्न भएको छ ।

विश्वव्यापी महामारी कोरोना भाइरसको जोखिम कायमै रहेको वर्तमान अवस्थामा भीडभाड नगरी भौतिक दूरी कायम राखेर एसेम्ब्ली सम्पन्न गरिएको हो ।

संस्थाका अध्यक्ष टिकाराज ढकालको अध्यक्षतामा सम्पन्न एसेम्ब्लीले सन् २०२०/०२१ को कार्यसमितिको नामहरु छलफलबाट पारित गरेको छ । वन् २०२०/०२१ लागि अध्यक्षमा युवा उद्यमी आदित्य पराजुलीले जिम्मेवारी सम्हाल्नेछन् ।

त्यसैगरी, टिकाराज ढकाल इमिडियट पास्ट प्रेसिडेन्ट, विगत ओझा प्रेसिडेन्ट इलेक्ट, सन्तोष पोखरेल प्रेसिडेन्ट इलेक्ट, ईश्वर अधिकारी सेक्रेटरी, पवन श्रेष्ठ कोषाध्यक्ष पदको जिम्मेवारीमा रहनेछन् भने डाइरेक्टर क्लव एडमिनिष्ट्रेशनमा लोकबन्धु ढुंगाना, डाइरेक्टर मेम्बरसीपमा राजकुमार पोखरेल, पब्लिक रिलेशन डाइरेक्टरमा प्रदीप सरावगीको भूमिका रहनेछ ।

त्यसैगरी, रोटरी फाउण्डेशन चेयरमा विनोद चापागाईं, सर्भिस प्रोजेक्ट चेयरमा किशोर पराजुली र साजेन्ट एट आर्म्सको भूमिकामा दिपेश डकाल रहने बताइएको छ ।

एसेम्ब्लीमा सन् २०१९/०२० मा क्लवले गरेका सामाजिक क्रियाकलापको समीक्षा गरिएको थियो भने यस वर्ष गरिने कामका बारेमा छलफल भएको सन् २०२०/०२१ का सेक्रेटरी ईश्वर अधिकारीले जानकारी दिए । स

हज परिस्थितिका बीच रोटरीको अन्तर्राष्ट्रिय विधान अनुसार पद हस्तान्तरण समारोह गरिने पनि अधिकारीले बताए ।


## वर्गीकृत विज्ञापन

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सुवर्ण अवसर
महिला : २ जना
(घरमा काम गर्ने)
खान/बस्न सुविधा छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२




## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्यास्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ११ का पूजा बुढाथोकी कि.नं. ५२४७, ५२४८, ५२५६ को ज. वि. ०-०-८.२५ क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाईं निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री भूमिप्रसाद लक्सम | २०७६।१२।०४ | २०७६।११।१९ | |
| पश्चिम | श्री दुर्गादेवी श्रेष्ठ | | | |
| उत्तर | बाटो | | | |
| दक्षिण | बाटो | | | |


## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
## गोरखा डिपार्टमेन्ट स्टोर
हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापारीहरूले हानी व्यहोर्नुपर्छ र कर्मचारीले अपजस व्यहोर्नुपर्छ । छात्रछात्रा रमाइलोमा भुलिने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अकारण वादविवादमा फँस्ने र प्रतिफल प्राप्त नहुने क्षेत्रमा लगानी हुनेछ । विगतमा गरेको परिश्रमको प्रतिफल प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रोकिएका काम बन्ने योग छ । पठनपाठनमा प्रगति हुनेछ । सभासमारोहमा सहभागी बन्ने मौका छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आम्दानीका मार्गहरू खुल्ला रहनेछन् । चिन्तन महत्वपूर्ण बन्न सक्छ । मन फुकाएर आफ्ना कुरा राख्नका लागि राम्रो छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** घरमा माङ्गलिक कृत्य सम्पादन गर्ने समय समेत छ । अध्ययन, अध्यापन र लेखनमा खास अभिरुची हुने छैन ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शरीरमा आलस्य र थकानको अनुभव हुनेछ । अप्रिय समाचार सुन्नुपर्दा मन खिन्न हुने स्थिति आउने छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** धन, धर्म र भाग्यमा हानी पुग्ने सम्भावना छ । गर्नु नपर्ने काम बढी समय लगाएर गर्नुपर्ला । प्रतिकूल समयले घेरेको समय रहने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आजको दिनमा तुरुन्तै कार्य गरेको जाति हुन्छ, जुनसुकै काममा आफ्नो विवेकको प्रयोग गर्नु उपयोगी हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आफ्नै जिद्दीपनाले गर्दा काम बिग्रने र छरछिमेकमा असमझदारी बढ्ने सम्भावना छ । तर, दिन ढल्दै जाँदा समय अनुकूल रहने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** लामो समयपछि रसरङ्गको चाहना पूर्ण हुने योग आएको छ । दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बालबच्चाबाट पनि सुखसन्तोष प्राप्त हुनेछ । मेवा, मिष्ठान्न आदि खान पाइने र मनोरञ्जनमा भुलिन पाउनु हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बौद्धिक तथा प्राज्ञिक गतिविधिमा संलग्न हुने समय छ । आफन्तबाट सहयोग र हौसला प्राप्त हुनेछ ।